# हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

## <u>करारमा जनशक्ती पदपूर्ति गर्ने सूचना</u>

प्रथम पटक प्रकाशित मिति २०७७/११/२२

प्रस्तुत विषयमा यस हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको लागि तपसिल बमोजिमका पद तह र संख्यामा कर्मचारीहरु २०७८ असार मसान्तसम्मको लागि सेवा करारमा नियुक्ती गर्नु पर्ने भएकोले ईच्छुक एवम् योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिन भित्र कार्यालय समयमा दरखास्त दिनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम कार्यालयको वेवसाइड **www. hetaudamun.gov.np** बाट निशुल्क उपलब्ध हुनेछ ।

## <u>तपसिल</u>

| सि. नं. | विज्ञापन नं. | पद, तह | सेवा, समूह | संख्या | दरखास्त दस्तुर | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| १. | ०४-०७७-०७८ | सव-ईन्जिनियर / सहायक पाचौं | ईन्जिनियरिङ सिभिल, बिल्डिङ एण्ड आर्किटेक | ६ जना | रु.४०० | लिखित, तथा अन्तर्वार्ता |
| २. | ०५-०७७-०७८ | कम्प्युटर अपरेटर / सहायक पाचौं | विविध | १६ जना | रु.४०० | लिखित, प्रयोगात्मक तथा अन्तर्वार्ता |
| ३. | ०६-०७७-०७८ | अमिन / सहायक चौंथो | ईन्जिनियरिङ, सर्भे | ३ जना | रु.३०० | लिखित, तथा अन्तर्वार्ता |
| ४. | ०७-०७७-०७८ | नगर प्रहरी | श्रेणी विहिन | ३ जना | रु.२०० | प्रयोगात्मक (शारीरिक तथा स्वास्थ्य जाँच) र अन्तरवार्ता |
| ४. | ०८-०७७-०७८ | बारुणयन्त्र सिपाइ | श्रेणी विहिन | ३ जना | रु.२०० | प्रयोगात्मक (शारीरिक तथा स्वास्थ्य जाँच) र अन्तरवार्ता |

<u>शैक्षिक योग्यता</u>

१. सव ईन्जिनियर/सहायक पाचौः— मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चरल ईन्जिनियरिङग विषयमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण ।

२. कम्प्युटर अपरेटर /सहायक पाचौं — मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट **Skilled Manpower** को लागि संचालित ६ महिनाको

कम्प्युटर तालिम प्राप्त ।

३. अमिन/सहायक चौथोः—मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एसएलसी वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियामेटिक्स विषयमा कम्तिमा १ एक वर्षको तालिम प्राप्त गरेको ।

४. नगर प्रहरीः—मान्यता प्राप्त शिक्षण संस्थाबाट दश कक्षा उत्तीर्ण गरी अनुमती प्राप्त संस्थाबाट सुरक्षा सम्वन्धी तालिम प्राप्त वा नेपाली सेना वा नेपाल प्रहरीबाट अवकास प्राप्त कर्मचारी हुनु पर्नेछ ।

५. वारुणयन्त्र सिपाहीः—मान्यता प्राप्त शिक्षण संस्थाबाट दश कक्षा उत्तीर्ण गरी अनुमती प्राप्त संस्थाबाट सुरक्षा सम्वन्धी तालिम प्राप्त वा नेपाली सेवा वा नेपाल प्रहरीबाट अवकास प्राप्त कर्मचारी हुनु पर्नेछ ।

६. परीक्षा मितिः— पछी सूचना प्रकाशित गरी जानकारी गराइने छ ।

७. दरखास्त दिने अन्तिम मितिः— सूचना प्रथम पटक प्रकाशित मितिले १५ पन्ध्र दिन भित्र (अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट)

८. उमेरको हदः—१८ वर्ष पुरा भई ४० वर्ष ननाघेको तथा नगर प्रहरी र वारुणयन्त्र सिपाहीको हकमा ४५ वर्ष ननाघेको ।

९. प्राथमिकताः सव-ईन्जिनियर /सहायक पाचौं अमिन /सहायक चौंथो पदको लागि दुई पाङग्रे सवारी साधनको चालक अनुमति पत्र प्राप्त गरेकालाई प्राथमिकता दिइने छ ।

१०. दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातः—उम्मेदवारले तोकिएको शैक्षिक योग्यता, तालिम अनुभव नागरिकताको प्रमाणपत्रको प्रतिलिपिमा स्वयंले प्रमाणित गरी दरखास्त साथ पेश गर्न पर्नेछ। साथै नगर प्रहरी वा वारुणयन्त्र सिपाहीको हकमा नेपाल प्रहरी नेपाली सेना बाट अवकास प्राप्त गरेको पत्र वा तालिमको अनुभव प्रमाणपत्र अनुमति प्राप्त संस्थाबाट सुरक्षा सम्बन्धी तालिम लिएके वा म्यादी प्रहरीको तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नु पर्नेछ ।

११. परीक्षा दस्तुरः उल्लेखित दस्तुर यस उपमहानगरपालिकाको राजश्व प्रशासन शाखामा जम्मा गरी रसिद दरखास्त आवेदन साथ पेश गर्नु पर्नेछ ।

१२. सेवाका शर्तहरुः प्रचलित कानून अनुसार नेपाल सरकारले सम्बन्धित पदको लागि निर्धारण गरेको मासिक तलब अनुसारको पारिश्रमिक नियमानुसार लाग्ने कर कट्टी गरी उपलब्ध हुने । अन्य कुरा करार सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

१३. तोकिएको म्याद भित्र पेश नभएको वा योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा अन्य रित नपुगेका दरखास्त स्वीकृत गरिने छैन ।

१४. उपरोक्त बमोजिमको करार सेवा कुनै पनि समय कारण खुलाई वा नखुलाई रद्द गर्न सक्ने अधिकार उपमहानगरपालिकामा सुरक्षित रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत